# चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्रको कागजातहरु

## आ.व.२०८०/८१

*नागरिक लगानी कोष*

*केन्द्रीय कार्यालय*

*नयाँ वानेश्वर, काठमाण्डौ*

*फोन नं.०१-५९७०२०१, ०१-५९७०२०२*

## खण्ड १: सिलबन्दी दरभाउपत्रदाता/प्रस्तावदाताहरुलाई निर्देशन

१. सेवाको किसिम : चमेनागृह संचालन गर्ने सम्बन्धी कार्य ।

२. कोषको कार्यालय रहेको स्थान :

क) केन्द्रीय कार्यालय : नयाँ वानेश्वर, काठमाण्डौ ।

ख) चमेनागृह संचालन गर्ने स्थान : नयाँ वानेश्वर स्थित कोषको कार्यालय परिसर भित्र ।

ग) चमेनागृहको लागि कोषले उपलब्ध गराउने पूर्वाधार : करिब ७८५ वर्ग फिटको भान्छा सहितको एउटा ठुलो कोठा, सरसफाईको लागि पानी कोषले उपलब्ध गराउने छ ।

घ) चमेनागृह संचालनको लागि उपलब्ध गराएको पूर्वाधारको कुनै भाडा तिर्नु पर्ने छैन तर उपलब्ध गराउने चमेना प्रचलित बजार भाउ भन्दा सस्तो हुनु पर्नेछ ।

३. सिलबन्दी प्रस्ताव फाराम साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

क) होटल/रेष्टुरेण्ट/चमेनागृह सञ्चालन गर्ने मुख्य उद्देश्यले व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

ख) प्रस्तावदाताले हाल चमेनागृह/होटल/रेष्टुरेण्ट सञ्चालन गरिरहेको हुनुपर्ने तथा कम्तीमा ३ वर्ष कार्य गरेको अनुभव भएको र सरकारी तथा गैरसरकारी संस्थामा चमेनागृह/होटल/रेष्टुरेण्ट सञ्चालन गरेको कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रस्तावदाताले यस सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफ्नो सजाए नपाएको भनि लिखित रुपमा स्वःघोषणा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव फाराम खरिद गर्न ईच्छुक फर्म/प्रा.लि. ले आधिकारीक रुपमा पत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (Pan) दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि (आ.व.२०७९/८०) पेश गरेपछि मात्र प्रस्ताव फाराम दिईनेछ ।

४) फाराम खरिद दस्तुर बुझाउने र खोल्ने सम्बन्धी व्यवस्था :

क) चमेनागृह संचालन सम्बन्धी प्रस्ताव फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिको १५ औं दिनसम्म कार्यालय समयभित्र नगद रू १०००।- (एक हजार फिर्ता नहुने गरी) लक्ष्मी सनराइज वैंक लिमिटेड, नयाँ वानेश्वर शाखामा यस कोषको नाममा रहेको खाता नं. ०१२११०३४१४१ मा नगद जम्मा गरी यस कोषबाट खरिद गर्न सकिनेछ र १६ औं दिनको १२:०० बजे भित्र प्राप्त भएको शिलबन्दी प्रस्ताव फारामहरु सोहि दिनको १:०० बजे प्रस्तावदाता वा निजको मञ्जुरीनामा पत्र सहितको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको उपस्थिती नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

ख)

| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति र समय |
|---|---|---|---|---|
| चमेनागृह | रू १०००।०० | २०८०/०३/२४ | २०८०/०३/२५ (१२ बजे सम्म) | २०८०/०३/२५ (दिउँसो १ बजे ) |

५) प्रस्तावदाताले यस कोषबाट बितरित प्रस्ताव फाराम नै प्रयोग गर्नु पर्नेछ । अन्य तबरले प्राप्त फाराम मान्य हुने छैन ।

६) जुन फर्म/संस्थाको नामबाट प्रस्ताव फारम खरिद गरेको हो सोहि फर्म/संस्थाबाट मात्र प्रस्ताव फारम पेश गर्नु पर्नेछ ।

७) प्रस्ताव फारम बिक्रि गर्ने, दर्ता गर्ने, अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश बिदा पछि कार्यालय खुलेको दिन उल्लेखित समय र स्थानमा प्रस्ताव फारम बिक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ ।

८) कुनै कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा वढी अंकको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कोषमा सुरक्षित रहनेछ ।

९) प्रस्ताव स्वीकृत भएको ७ सात दिन भित्र सम्झौता गर्न आउन स्वीकृत प्रस्तावदातालाई जानकारी गराईनेछ । सम्झौता गर्न आउँदा धरौटी वापत लक्ष्मी सनराइज वैंक लिमिटेड, नयाँ वानेश्वर शाखामा यस कोषको नाममा रहेको खाता नं. ०१२११०३४१४१ मा नगद रु १,००,०००।- (एक लाख मात्र) जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

१०) सम्झौतामा सही गर्न स्वीकृत प्रस्तावदाता आफैं वा मञ्जुरीनामा पत्र सहितको आफ्नो प्रतिनिधि वा एक जना साक्षी सहित उपस्थित हुनुपर्नेछ ।

११) स्वीकृत प्रस्तावदाताले कोषमा उपलब्ध गराउने खाद्य परिकारहरुको गुणस्तर तथा परिणाम प्रस्ताव फारममा उल्लेख भए अनुसार र कोषले तोके अनुसार हुनेछ ।

१२) प्रस्ताव फाराम आफुले कबोल गरेको इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नु पर्नेछ । अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मुल्यलाई मान्यता दिईनेछ ।

## खण्ड २: चमेनागृह सञ्चालनका सेवा सम्बन्धी शर्तहरु

१) चमेनागृह सञ्चालक (दोश्रो पक्ष)ले शुद्ध,स्वच्छ, स्वास्थ्यवर्द्धक, ताजा, मिसावट रहित एवं गुणस्तरीय खाद्य वस्तु तथा चमेनाका परिकारहरु तयार गर्नु पर्ने र यसरी परिकार तयार गर्दा प्रयोग गरिने पानी स्वच्छ ,शुद्ध एवंम जारको पानीले मात्र प्रयोग गर्नुपर्नेछ । चमेनागृहमा खाद्य वस्तु तयार गर्दा शुद्ध, गुणस्तर युक्त खाद्यान्न एवंम घ्यू,तेल प्रयोग गर्नुपर्नेछ । एक पटक प्रयोग भैसकेको घ्यू, तेल पुनःप्रयोग गरी खाद्य वस्तु तयार गर्न पाईने छैन ।

२) तोकिएका परिकारहरु बाहेक अन्य परिकारहरुको बिक्री बितरण गर्न पाइने छैन । तर त्यस्तो परिकार बेच्न उचित छ भन्ने पहिलो पक्ष (नागरिक लगानी कोष) लाई लागेमा पहिलो पक्षको स्वीकृत लिई दुवै पक्षको सहमतिमा दररेट निर्धारण गरी बिक्री वितरण गर्न सकिनेछ ।

३) मादक पदार्थ तथा सडेगलेका बासी, अस्वास्थ्य बस्तु, सुर्तिजन्य, अजिनो मोटो लगायत स्वास्थ्यका लागि हानीकारक बस्तुहरु बिक्री वितरण गर्न पाइने छैन ।

४) बितरण गरिने खाद्य तथा चमेनाका परिकारहरुको लागि कवोल गरिएको मूल्य र तोकिएको परिमाणमा बिक्री वितरण गर्नुपर्ने छ । दोश्रो पक्षले २ वर्षसम्मको अवधिको लागि परिकारहरुको दररेट बढाउन पाईने छैन । सो अवधि भित्र बाध्यकारी परिस्थिती सृजना भएमा पनि सो दररेट परिमार्जन गर्ने / नगर्ने अन्तिम निर्णय पहिलो पक्षको हुनेछ । साथै २ वर्षको अवधि व्यतीत भए पश्चात चमेना गृह सञ्चालनको अवधि नवीकरण भएको अवस्थामा पहिलो पक्षको सहमति एवम अनुमति पश्चात मात्र प्रचलित मूल्य वृद्धिको मापदण्डको आधारमा परिकारहरुको दररेटमा वृद्धि गर्न सकिनेछ ।

५) चमेनागृह सञ्चालक (दोश्रो पक्ष) ले ड्राई फुड/कोल्ड ड्रिक्स/तयारी खाजाका परिकारहरु बजारबाट खरिद गरी चमेनागृहले कोषका कर्मचारीहरुलाई बेच्दा/उपलव्ध गराउंदा उल्लेखित ड्राई फुड/कोल्ड ड्रिक्स/तयारी खाजाका परिकारहरुको प्याकेटमा कोड गरिएको दर वा प्रचलित बजार मूल्य भन्दा बढी लिन पाउने छैन ।

६) खाद्य वस्तुहरुको स्तर एवंम गुणस्तरको निर्धारण, नियन्त्रण र निर्देशन गर्ने सम्पूर्ण अधिकार पहिलो पक्षमा रहनेछ ।

७) चमेनागृहमा बिक्री भएका परिकार र चमेनागृह सञ्चालन सम्बन्धमा पहिलो पक्षको तर्फबाट कुनै पनि बखतमा निरीक्षण गर्न सकिनेछ । उल्लेखित शर्त र अवस्था बमोजिम नभएको पाइएमा पहिलो पक्षले दोश्रो पक्षलाई सचेत गराउने, नियमानुसार कारवाही गर्ने तथा हर्जाना समेत तिराउन सक्नेछ ।

८) चमेनागृह सञ्चालनको लागि उपयुक्त आवश्यक फर्निचरहरुको व्यवस्था दोश्रो पक्ष आफैले गर्नु पर्नेछ । उक्त फर्निचरहरु पहिलो पक्षले निर्धारण गरे बमोजिम कम्तीमा ३० सिट हुनु पर्नेछ ।

९) चमेनागृह सञ्चालनको लागि आवश्यक भाँडाकुडा, फर्निचर फिक्स्चर्स लगायत अन्य आवश्यक सामानहरुको व्यवस्था दोश्रो पक्ष आफैले गर्नु पर्नेछ । ग्राहक बस्नका लागि प्लाष्टिकको टेवल तथा कुर्सी प्रयोग गर्न पाईने छैन । दोश्रो पक्षले चमेना गृह सञ्चालन पूर्व परिकारहरु पस्किने, उपलव्ध गराउने भांडाकुँडा जस्तैः प्लेट, कचौरा, ब्वाउल, चम्चाहरुको एक एक सेट नमुना(Sample)प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ । सो भन्दा फरक भाडाकुँडा प्रयोग गरेको पाईएमा दोश्रो पक्षलाई पहिलो पक्षले सचेत गराउने, नियमानुसार कारवाही गर्ने तथा हर्जाना समेत तिराउन सक्नेछ । यसका साथै चिया/दुध जस्ता तातो पेयपदार्थ प्लाष्टिक एवं कागजको गिलासमा serve गर्न पाईने छैन ।

१०) चमेनागृह सञ्चालनको लागि आवश्यक पर्ने पानी र ठाँऊको सुबिधा कोषले प्रदान गर्नेछ । तर विद्युतको हकमा छुट्टै सब मीटर राखिनेछ । सब-मीटरमा उठेको यूनिटको मूल्य निर्धारण पहिलो पक्षले गर्नेछ । सब-मीटरमा उठेको महशुल प्रत्येक महिना दोश्रो पक्षले पहिलो पक्षलाई महिना भुक्तान भएको एक हप्ता भित्र बुझाउनु पर्नेछ, नबुझाएमा धरौटी रकमबाट प्रत्येक महिनाको लागि उठेको रकम कट्टा गरिनेछ । साथै विद्युत महसुलको जरिवाना समेत असुल उपर गरिनेछ ।

११) चमेनागृह सञ्चालनको लागि पहिलो पक्ष र दोश्रो पक्ष बीच भएको सम्झौताको अधिनमा रही चमेनागृह सञ्चालन नियमित रुपमा हुने ग्यारेण्टी सञ्चालन कर्ताले पहिलो पक्षलाई दिनुपर्नेछ ।

१२) तोकेको अवधि अगावै चमेनागृह सञ्चालन कार्य छोड्न पाइने छैन र कोषले पनि छोडाउने छैन । तर तोकिएको शर्त पुरा नगरेको अवस्थामा पहिलो पक्षले १ महिनाको अग्रीम सूचना दिई उचित कारण देखाई छोडाउन सक्नेछ । यसरी आवश्यक कारण सहित छोडाएको खण्डमा धरौटी वापत रहेको रकम जफत गरिनेछ । साथै चमेना गृह रहेको स्थान कोषलाई आवश्यक परेको खण्डमा पहिलो पक्षले एक महिनाको पूर्व सूचना दिई हटाउन सक्नेछ भने दोश्रो पक्षले सम्झौता अवधिको आधा समय भुक्तान गरिसके पछि ३(तीन) महिनाको अग्रीम सूचना दिई छोड्न सक्नेछ ।

१३) प्रचलित कानूनद्धारा बर्जित बस्तु विक्री वितरण तथा कानूनले बर्जित गतिबिधी गर्न पाइने छैन् ।

१४) चमेनागृह सञ्चालन बिदाको दिन बाहेक अन्य कार्यालय खुल्ने दिन बिहान ७ बजे देखि बेलुकी ६ बजेसम्म मात्र चमेनागृह संचालन गर्न सकिनेछ । बिदाको दिन पहिलो पक्षको निर्देशन अनुसार चमेनागृह संचालन गर्न सकिनेछ । कार्यालय समय अघिपछि बाहिरबाट आउने व्यक्तिहरुलाई प्रवेश गराउन पाईने छैन । चमेना गृहमा काम गर्ने व्यक्तिहरु

कोषमा बेलुका बस्न पाईने छैन । कुनै कारण बस कुनै दिन सञ्चालन गर्न नसकिने अवस्था भएमा पहिलो पक्षलाई अग्रीम जानकारी दिई पहिलो पक्षबाट अनुमति लिनु पर्नेछ । चमेनागृह खोल्ने र बन्द गर्ने सम्बन्धमा पहिलो पक्षको निर्णय अन्तिम हुनेछ ।

१५) पहिलो पक्षले तोकेको स्थानमा बाहेक जथाभावी फोहोर फाल्न पाईने छैन । राम्रो सफासुग्घर गरि सफाईमा ध्यान दिई चमेनागृह सञ्चालन गर्नु पर्नेछ । चमेनागृहवाट निस्केको फोहोरको व्यवस्थापन दोश्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।

१६) चमेनागृह सञ्चालन गरे वापतको भवनको घर बहाल पहिलो पक्षले लिने छैन ।

१७) चमेनागृह सञ्चालकले कोषले उपलब्ध गराएको कोषको सम्पत्तिको पूर्ण सुरक्षा गर्नुपर्नेछ ।

१८) चमेनागृह सञ्चालकले प्रयोग गरेको पहिलो पक्षको भौतिक सुविधा लगायत अन्य वस्तुहरुको क्षति भएमा चमेनागृह सञ्चालकले व्यहोर्नु पर्नेछ ।

१९) अन्य कुराहरु कोषको नीति नियम तथा दुबै पक्षको सहमति बमोजिम हुनेछ ।

२०) चमेनागृह सञ्चालकले पहिलो पक्षले दिएको निर्देशनहरुलाई पूर्णतया पालन गर्नु पर्नेछ ।

२१) चमेनागृह सञ्चालन गर्न नगद रु.१,००,०००/- (अक्षरुपी एक लाख) धरौटी राख्नु पर्नेछ । सो रकममा ब्याज प्रदान गरिने छैन ।चमेनागृह राम्रो संग सञ्चालन नगरेमा तथा तोकिएको समय अगावै छोडी गएमा धरौटी वापत राखिएको रु.१,००,०००/- (अक्षरुपी एक लाख) जफत गरिनेछ । साथै चमेनागृह राम्रोसंग सञ्चालन नगरेको कारणबाट वा चमेनागृह संचालकको कारण बाहेक कोषको आन्तरिक कारणले चमेनागृह हटाउनु परेमा धरौटी वापतको रु.१,००,०००/- (अक्षरुपी एक लाख) फिर्ता गरिनेछ । तर कोषको हानी नोक्सानी भरिभराऊ गर्नुपर्ने अवस्थामा सो रकमबाट कट्टागरि बाँकी रकम मात्र भुक्तानी गरिनेछ ।

२२) प्रचलित कानुनले बन्देज गरिएको बालश्रमिकहरुलाई चमेनागृहको काममा लगाउन पाइने छैन ।

२३) चमेनागृहमा काम गर्ने कामदारहरुको लागि अनिवार्य रुपमा ड्रेसको साथै परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ ।

२४) दैनिक खानाको परिकार फरक फरक हुने गरी मेनु तयार गरि टाँस गर्नु पर्नेछ ।

२५) चमेनागृहमा खाद्य बस्तु तयार गर्दा शुद्ध, गुणस्तर युक्त खाद्यान्न एवम घ्यू, तेल प्रयोग गर्नु पर्नेछ ।

२६) सम्पूर्ण परिकार ग्याँस चुलो वा बिद्युतिय चुलोमा तयार गर्नु पर्नेछ । दाऊरा भने प्रयोग गर्न पाइने छैन ।

२७) कोषको शाखा/महाशाखा/कार्यालयहरुबाट माग भई आएमा चियानास्ता सम्बन्धित शाखा/महाशाखा/कार्यालयहरुमा पु-याई दिनु पर्नेछ ।

२८) अन्य कुराहरुको सम्बन्धमा र सम्झौतामा केही थपघट वा सुधारको आवश्यकता भएमा दुवै पक्षबीच छलफल गरी निर्णय गरिनेछ ।

२९) चमेनागृह सञ्चालन कार्य सम्झौता भएको मिति देखि लागु हुने गरी नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ ।

३०) यो सम्झौताको अवधि सञ्चालन भएको मितिले २ (दुई)वर्षको हुनेछ ।

३१) खाद्य पदार्थको मूल्यसूची सार्वजनिक रुपमा टाँस्नु पर्नेछ ।

३२) चमेनागृह सञ्चालनको लागि पर्याप्त मात्रामा अनुभवी जनशक्ति राख्नुपर्नेछ । कामदार तथा जनशक्तिहरु सफासुग्घर एवं स्वस्थ हुनु पर्नेछ । शिष्ट भाषा प्रयोग गर्नु पर्नेछ । Cook हरुको लागि अनिवार्य Apron र टोपी लगाउने व्यवस्था दोश्रो पक्षले गर्नु पर्नेछ । साथै waiter र भाँडा माझ्ने कामदारहरुको पहिचान छुट्टिने व्यवस्था समेत चमेना गृह सञ्चालक (दोश्रो पक्ष) ले गर्नुपर्नेछ ।

३३) चमेनागृह सञ्चालकले दैनिक रुपमा सम्पूर्ण चमेनागृहको सरसफाई गर्नु पर्नेछ ।

३४) यस सम्झौता अनुसारको अवधि समाप्त भएपछि चमेनागृह छोड्दा चमेनागृहमा कुनै पनि टुटफुट भएमा सो को मर्मत सम्भार दोश्रो पक्षले गर्नु पर्नेछ ।

३५) दोश्रो पक्षले चलनचल्तीमा ल्याएको पहिलो पक्षको सरसामान सम्पत्तिहरुको सुरक्षा गर्नु पर्नेछ । छाडिजाने अवस्थामा बुझाएर मात्र जानु पर्नेछ ।

३६) दोश्रोपक्षले सम्झौता अवधिभर चमेनागृह सञ्चालनको जिम्मा अन्य व्यक्ति अथवा फर्मलाई बिक्री गर्न पाईने छैन । सो गरेको पाईएमा दोश्रो पक्षले जम्मा गरेको धरौटी रकम पहिलो पक्षले जफत गरिनेछ । यसका साथै चमेनागृह सञ्चालन गर्नबाट समेत बञ्चित गरिनेछ ।

३७) कोषको चमेनागृह सञ्चालन गरे वापत तिर्न बुझाउनु पर्ने कर, शुल्क, महसुल वा अन्य यस्तै भुक्तानी गर्नुपर्ने सवै दायित्वहरु स्वीकृत प्रस्तावदातालाई मान्य हुनुपर्नेछ ।

३८) प्रस्ताव सम्बन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी कोषको सूचना पाटीमा टाँस गरिनेछ ।

३९) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा यस कोषको आर्थिक विनियमावली तथा खरिद विनियमावली २०७५, बमोजिम हुनेछ ।

४०) यस सम्बन्धी विस्तृत जानकारीका लागि कोषको प्रशासन महाशाखामा सम्पर्क राख्न सकिनेछ।

४१) चमेनागृह संचालन गरे बापत सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, महशुल बुझाउनु पर्नेमा सोको भूक्तानी चमेनागृह संचालक स्वयंमले भुक्तानी गर्नु पर्नेछ।

मिति : २०८०।०३।

श्रीमान् कार्यालय प्रमुखज्यू,

...................................

...................................

**<u>बिषय : लिखित स्वःघोषण पत्र सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा यस कार्यालयले आ.ब. २०८१/०८२ र २०८२/०८३ को .......................सम्बन्धी सिलबन्दी दरभाउपत्र पेश गर्न तथा खरिद कारबाहीमा भाग लिन हाम्रो.......................... (बोलपत्रदाताको फर्म/कम्पनीको नाम) पूर्ण रूपमा योग्य र सक्षम रहेको एबं प्रस्ताबित खरिद कारबाहीमा हाम्रो कुनै स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धमा हामीले कुनै कसुर नगरेको, सजाए समेत नपाएको र कुनै निकायको कालो सूचिमा समेत नपरेको ब्यहोरा स्वयम यो लिखतबाट घोषणा गर्दछु /छौ । झुठा ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार छु/छौ ।

**<u>बोलपत्रदाताको</u>**

फर्मको नाम :

फर्मको आधिकारीक ब्यक्तिको नाम :

दस्तखत :

छाप